कम्पनीले आफ्नो जारी पुँजी रु.१,३६,३६,३७,०००/- को १२% अर्थात् १६,३६,३७० कित्ता साधारण शेयर मध्ये सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत अर्थात रु.१,३६,३६,४००/- रकम बराबरको रु.१००/- अंकित दरमा प्रिमियम वापत रु.१०६/- थप गरि रु.२०६ /- मा १,३६,३६४ कित्ता शेयरहरु विदेशमा बसी रोजगार गरिररहेका नेपालीहरुका लागि निष्काशन गरी बिक्री वितरण गरिएको तथा जारी पुँजीको २% अर्थात रु.२,७२,७३,०००/- रकम बराबरको रु.१०० अंकित दरमा प्रिमियम वापत रु.१०६ थप गरि रु.२०६ मा २,७२,७३० कित्ता साधारण शेयर मध्ये आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि निष्काशन गरि १,४३,७०० कित्ता शेयर बाँडफाँड गरिएको र बिक्री नभई बाँकी रहेको ७४,०३० कित्ता शेयर थप गरी कर्मचारीहरु, सामूहिक लगानी कोषका योजनाहरु तथा सर्वसाधारणलाई १३,०६,३०६ कित्ता शेयरमध्ये कर्मचारीलाई २८,८४३ कित्ता र सामुहिक लगानी कोषका योजनाहरुलाई ७२,१३३ कित्ता शेयर बाँडफाँड गरी बाँकी रहेको १२,०५,३२० कित्ता शेयर सर्वसाधारणमा सार्वजनिक निष्काशन गरिएको छ ।

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता : १० शेयर | **दरखास्त दिन पाउने अधिकतम कित्ता : ५०,००० शेयर**

क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनुपर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल (ICRA NEPAL) लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "ICRANP-IR BBB-" रेटिङ्ग प्राप्त गरेको छ । "ICRANP-IR BBB-" (Issuer Rating)" ले कम्पनीको समयमा नै वित्तीय दायित्व पुरा गर्न सक्षम रहेको मध्यमस्तरको सुरक्षित कम्पनी (Moderate degree of Safety Regarding Timely Servicing of Financial Obligation) जनाउँदछ । सो रेटिङ्गको वैद्यता अवधि एक वर्ष रहने छ । ईक्रा नेपाल लिमिटेडले [ICRANP -IR] AAA देखि [ICRANP -IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP - IR] AAA ले बलियो आधार जनाउँछ भने ICRANP -IR] D ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहनें + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धीत रेटिङ्ग वर्ग भित्रको तुलनात्मक अवस्थालाई जनाउँदछ । यसको अर्थ [ICRANP -IR] BBB-] स्थिती [ICRANP -IR] BBB भन्दा एक चिन्ह तल रहन्छ । यस सम्बन्धि विवरण पत्रको दफा ग.२२ (ण) उल्लेखि गरिएको छ ।

रेटिङ्ग प्रदान गरेको मितिः २०७९/०६/१३ रेटिङ्ग बहाल रहने अवधि मिति : २०८०/०६/१२

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

Mandu Hydropower Limited
माण्डु हाईड्रोपावर लिमिटेड

रजिष्टर्ड कार्यालय ठेगानाः का.म.न.पा.-२८, कमलादी, काठमाडौं
(आयोजनाको नाम : बागमती साना जलविद्युत आयोजना-हाल २२ मे.वा.)
फोन नं. : ०१ ४४३८३८८, ४४२९०८९
इमेल : info@manduhydropower.com वेवसाइट : www.manduhydropower.com

को

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

कम्पनीको नेटवर्थ सम्बन्धी विवरणः

विवरण	वास्तविक				प्रक्षेपित		
	२०७६/७७	२०७७/७८	२०७८/७९	पुस मसान्त २०७९	२०७९/८०	२०८०/८१	२०८१/८२
प्रति शेयर आम्दानी रु.	९.७८	१३.३५	२२.०१	२६.२०	१७०३	२०.७४	२४.०५
प्रति शेयर नेटवर्थ रु.	१०४.०१	११३.३६	१२४.४२	१२२.६३	१२६.०४	१५६.४५	१८०.५०
संचित नाफा नोक्सान (रु.दस लाखमा)	४८.०८	१६०.२७	२९३.१०	२७१.५०	३१२.४३	५९५.२२	९२३.१६

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिँदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

सर्वसाधारणका लागि साधारण शेयरको बिक्री खुल्ला अवधि :

निष्काशन खुल्ला हुने मिति	: २०८०/०५/१० गते
निष्काशन बन्द हुने मिति (छिटोमा)	: २०८०/०५/१३ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा)	: २०८०/०५/२४ गते (बैंकिङ्ग समय पश्चात्)

दरखास्त प्रति शेयर रु. २०६/-का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने ।

प्रति मेगावाट लागत सम्बन्धी विवरण :
कम्पनीले प्रवर्धन गरि हाल संचालनमा रहेको वागमती साना जलविद्युत आयोजनाको कुल लागत (Interest During Construction-IDC) सहित प्रति मे.वा.लागत रु.१८.२७ करोड रहेको छ ।

विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण :
वागमती साना जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतीपत्र वहाल रहने अवधि मिति २०७१/०३/१९ देखि २१०६/०३/१८ गते सम्म रहेकोले २६ वर्ष ३ महिना बाँकी रहेको छ ।

लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण :
आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ११.९६ बर्ष र Discounted Pay Back Period १३.९६ बर्ष रहेको छ ।

जलविद्युत आयोजनाको कुल लागत विवरण :
संचालनमा रहेको बागमती साना जलविद्युत आयोजनाको कुल लागत (Interest During Construction -IDC) सहित रु.४,०१,९४,३७,२५८/- रहेको छ ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा स्वीकृति प्राप्त भएको मिति २०८०/०३/१८ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता मिति २०८०/०३/१५

१. संस्थाको नाम : माण्डु हाईड्रोपावर लिमिटेड (Mandu Hydropower Ltd.)

२. संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

३. संस्थाको रजिष्टर्ड ठेगाना : यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं २८ कमलादी, कठमाडौंमा रहेको छ । सम्वन्धित निकायमा आवश्यकतानुसार स्वीकृती लिई अन्य ठाउँमा पनि शाखा कार्यालय खोल्न सकिनेछ

४. जलविद्युत केन्द्र : यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र मकवानपुर जिल्लाको भिमफेदी गा.पा. वडा नं. ८, (साविक ईपा पञ्चकन्या गा.वि.स) मा रहेको छ ।

५. संगठित संस्थाका स्थापनाकाल देखि हाल सम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने र यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) का वासिन्दा तथा सर्वसाधारणहरुको जनसहभागिता बिस्तार गर्ने उद्देश्यले मिति २०६९/०१/०३ मा पब्लिक लिमिटेड कम्पनीमा दर्ता भई माण्डु हाईड्रोपावर लिमिटेडको नाममा कारोवार संचालन गर्दै आएको कम्पनी हो । कम्पनीले आफ्नो आयोजनाबाट उत्पादित विद्युत बिक्रि गर्ने प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता (PPA) गर्दा Take or Pay प्रावधानमा आधारित भई गरिएको छ ।

२. यस कम्पनीमा १,५१६ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत/उर्जा, बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

३. यस कम्पनीले मकवानपुर जिल्लाको भिमदेवी गा.पा ईपा पञ्चकन्या स्थित वागमती साना जलविद्युत आयोजनाबाट २२ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न नेपाल सरकार उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयबाट मिति २०७१/०३/१९ र २०७४/०७/१४ मा विद्युत उत्पादनको अनुमति प्राप्त गरेको साथै कम्पनीले उक्त आयोजनामा नै १० मे.वा. क्षमता थप गर्नको लागि नेपाल सरकार, विद्युत विकास विभागको मिति २०७९/१०/१२ को पत्र मार्फत थप अध्ययन गर्न सैद्धान्तीक सहमती प्रदान गरेको हो ।

४. कम्पनी र नेपाल विद्युत प्राधिकरणबीच मिति २०६९/१०/०७ र २०७४/०६/२५ मा वागमती साना जलविद्युत आयोजना २२ मे.वा. को विद्युत खरिद बिक्री सम्झौता (PPA) अनुसार व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०७६/०३/३० र २०७७/०५/३० गते रहेको छ ।

५. कम्पनीले निर्माण गरेको वागमती साना जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युत एकमुष्ट नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र नेपाल विद्युत प्राधिकरणबीच मिति २०६९/१०/०७ र २०७४/०६/२५ मा विद्युत खरीद बिक्री सम्झौता समेत सम्पन्न भैसकेको छ ।

६. वागमती साना जलविद्युत आयोजना (२२ मे.वा.) को मिति २०७१/०३/१९ मा नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि.०७०/७१ वि.उ.१२५) प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति २१०६/०३/१८ गते सम्म बहाल रहेको ले २६ वर्ष ३ महिना बाँकी रहेको छ ।

७. यस वागमती साना जलविद्युत आयोजना निर्माण सम्पन्न भइसक्दा आयोजनाको कुल लागत (Interest During Construction (IDC) सहित रु.४,०१९,४३७,२५८/- रहेको र प्रति मेगावाट औसत लागत (Interest During Construction (IDC) सहित रु.१८.२७ करोड रहेको छ ।

८. कम्पनीले पहिचान गरी विकास निर्माण गरेको मकवानपुर जिल्लाकोमा २२ मेगावाट क्षमताको जलविद्युत आयोजनाको सम्पूर्ण निर्माण कार्य सम्पन्न भई मिति २०७५/१२/१९ गते देखि आयोजनाले व्यापारीक उत्पादन शुरु गरेको छ । नेपाल विद्युत प्रधिकरणबाट प्राप्त पत्र संख्या ने.वि.प्रा. ०७५/०७६ वि.व्या.वि. च.न. १९८३ मिति २०७६/०१/०९ मा पनि सोही मिति उल्लिखत छ ।

९. आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

• **आयोजना स्थल**	: मकवानपुर/ललितपुर जिल्ला,
• **श्रोत नदी**	: वागमती खोला
• **आयोजनाको किसिम**	: रन अफ रिभर
• **डिजाइन डिस्चार्ज**	: १२.४० घन मिटर प्रति सेकेण्ड
• **उत्पादन हुने इनर्जी**	: १२८.०९ (Gwh)
• **आयोजनाको उत्पादन क्षमता**	: २२ मे.वा
• **ग्रस हेड**	: २१३ मिटर
• **ड्राइभर्सन बाँध**	: लम्बाई ५५ मिटर, उचाई १०२३ मिटर, चौडाई १२ मिटर
• **डिस्यान्डीङ्ग बेसिन**	: २ X ६० मीटर लम्बाई र.५ मिटर चौडाई ४.५ मिटर उचाई
• **पेनस्टक**	: लम्बाई ६३७ मिटर (excluding 13.65m bifurcation length), व्यास २.८० भएको र ८ एम एम देखि २४ एम एम सम्म
• **पावर हाउस**	: लम्बाई ३४ मिटर, चौडाई २० मिटर, उचाई २४ मिटर
• **टर्बाइन**	: संख्या २, प्रति टर्बाइन आउटपुट ११ MW
• **जेनेरेटर**	: **१२.९४** MVA Per Unit (Two Unit)
• **आयोजनाको लागत**	: रु.४,०१९,४३७,२५८/- (IDC) समेत)

६. आयोजनाको व्यापारीक उत्पादन शुरु भएको वर्षलाई आधार वर्ष मान्दा कम्पनीको वित्तिय परिसुचक

आयोजनाको प्रति मेगावाट लागत रकम निर्माण अवधिको ब्याज समेत	
Net Present Value (NPV)	२,१८२,०३७,५४
Internal Rate of Return (IRR)	१२.५२%
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि वर्षमा (Pay Back Period)	११.९६
आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि वर्षमा (Discounted Pay Back Period)	१३.६३

नेपाल राष्ट्र बैंकले Valuation प्रयोजनको लागि तोकेको प्रकृयालाई आधार मानी कम्पनीको तीसौं वर्षको नगद प्रवाहलाई १२.२% Discount Rate ले भाग गरि आउने नगद प्रवाहलाई Terminal Value Zero मानी Net Present Value (NPV) तथा Internal Rate of Return (IRR) गणना गरिएको । NPV तथा IRR गणना गर्दा Cash Flow Basis विधिबमुजिम गणना गरिएको छ ।

आ.व.	वर्ष	करपछिको नाफा	परिशोधन/ ह्रास कट्टी	ब्याज	कार्यशील पुँजीको परिवर्तन	पुँजीगत लगानी	नगद प्रवाह	जम्मा नगद प्रवाह	वर्तमान मुल्य १२.६० प्रतिशतमा	जम्मा वर्तमान मुल्य
२०७१-७२	१	०	०	०	(३८,४०३)	(५५,५३२)	(९३,९३५)	(९३,९३५)	(९३,९३५)	९३,९३५
२०७२-७३	२	०	०	०	(१०३,७८०)	(१८१,८७९)	(२८४,६५९)	(३७५,५६४)	(२८४,६५९)	(३७५,२६४)
२०७३-७४	३	०	०	०	(१४७,५७७)	(४९०,४२७)	(६३८,१०४)	(१,०१७,६६८)	(६३८,१०४)	(१,०१७,६६८)
२०७४-७५	४	०	०	०	४५९,२७५	(२,२२७,९८७)	(१,७६८,७१)	(२,७६६,३७९)	(१,७६८,७१)	(२,७६६,३७९)
२०७५-७६	५	(६४,३९८)	४०,५३२	९३,६६२	(४२,०००)	(८६७,९६१)	(८४०,१६५)	(३,६२६,४४४)	(८४०,१६५)	(३,६२६,४४४)
२०७६-७७	६	११७,३२०	३३७,९८४	२९२,८७०	(८२,३९५)	(१३९,३६८)	३२८,३९१	(३,३००,१५३)	३२८,३९१	(३,३००,१५३)
२०७७-७८	७	१६०,२०४	१३९,३५४	२३७,८६७	५,२८६	(८९,७६३)	४४२,९१९	(२,८४७,२३४)	४४२,९१९	(२,८४७,२३४)
२०७८-७९	८	२६४,१०१	१४३,१२४	२३२,२५७	(८४,८५७)	(१३,८९१)	४४०,७३४	(२,३०६,४००)	४४०,७३४	(२,३०६,४००)
२०७९-८०	९	२०४,३३७	१४१,०३८	३०४,६९१	४३,७२८	(४००,०००)	२९३,७९३	(२,०१२,७०६)	२६०,९२६	(२,०४५,४७४)
२०८०-८१	१०	२८२,७८४	१४०,८७५	२४०,१३७	(१११,८८१)	०	६४१,९१४	(१,३६०,७९२)	५१४,२१०	(१,५३१,३६५)
२०८१-८२	११	३२७,९३८	१४०,७४३	२०४,८५९	(८,८७८)	०	६६४,६७१	(६९६,१२१)	४५५,६२०	(१,०५५,७४५)
२०८२-८३	१२	४१६,३७५	१४०,६६१	१७३,२६२	(७,५७०)	०	७२२,७८८	२६,६०७	४४९,६५०	(६१६,०९५)
२०८३-८४	१३	४५१,२१६	१४०,५९२	१३२,८९६	(८,९४५)	०	७१५,७८०	७४२,३६६	३९५,४९६	(२२०,१९९)
२०८४-८५	१४	४९३,८३९	१४०,५४१	८५,९८७	(८,१७३)	०	७१२,१९४	१,४४४,५६०	३४९,५००	१२८,९०१
२०८५-८६	१५	४९३,३४३	१४०,५०२	३४,०७३	(८,१६३)	०	६५९,७५५	२,११४,३१५	२८७,४४६	४१६,४४७
२०८६-८७	१६	५१९,५४८	१४०,४७३	२७५	(३,८५९)	०	६५६,४४७	३,४२७,६४०	२५४,०९७	६७०,५४३
२०८७-८८	१७	५१९,०८३	१४०,४३५	०	४८०	०	६४९,७७६	३,४२७,६४०	२०९,४४७	८९६,३६१
२०८८-८९	१८	५०८,८६१	१४०,४३५	०	४८०	०	६४९,७७६	४,७७७,४१६	१९८,३८७	१,०९४,७४८
२०८९-९०	१९	५०३,०७३	१४०,४२३	०	३७१	०	६४३,८७५	४,७२१,२९१	१७४,५९३	१,२६९,३४१
२०९०-९१	२०	४१८,८२६	१४०,४१४	०	(८९७)	०	५५८,३४२	५,२७९,६३३	१३४,१६२	१,४०३,८०३
२०९१-९२	२१	३७७,१६९	१४०,४०७	०	(८८९)	०	५१६,६८७	५,७९९,३२१	१९०,५१०	१,४१८,३१२
२०९२-९३	२२	३७०,१२९	१४०,४०२	०	६७२	०	५१९,२०३	६,३०७,२२३	९७१०५	१,५१९,४१७
२०९३-९४	२३	३६३,२७५	१४०,३९८	०	३९४	०	५०४,०६७	६,८११,५९०	८५,०३८	१,६९६,४५५
२०९४-९५	२४	३५८,९५१	१४०,३९५	०	०	०	४९९,३४६	७,३१०,९३६	७४,८१७	१,७७१,२७२
२०९५-९६	२५	३५४,४१६	१४०,३८६	०	३७९	०	४९४,८०२	७,८०५,७३८	६५,८४२	१,८३७,११४
२०९६-९७	२६	३४९,६४७	१४०,३८६	०	०	०	४९०,०६३	८,२९५,७७१	५७,९१३	१,८९५,०२७
२०९७-९८	२७	३४४,६४०	१४०,३८६	०	०	०	४८५,०२६	८,७८०,७९७	५०,९०८	१,९४५,९३५
२०९८-९९	२८	३३९,३८२	१४०,३८६	०	०	०	४७९,७६८	९,२६०,५६५	४४,७२३	१,९९०,६५८
२०९९-००	२९	३३३,८६१	१४०,३८६	०	०	०	४७४,२४७	९,७३४,८१३	३९,२६२	२,०२९,९२१
२१००-०१	३०	३२८,०६५	१४०,३८६	०	०	०	४६८,४५१	१०,२०३,२६३	३४,४४४	२,०६४,३६४
२१०१-०२	३१	३२१,९७८	१४०,३८६	०	०	०	४६२,३६४	१०,६६५,६२७	३०,१९३	२,०९४,५४७
२१०२-०३	३२	३१५,५८७	१४०,३८६	०	०	०	४५५,९७३	११,१२१,५०१	२६,४४५	२,१२१,००२
२१०३-०४	३३	३०८,८७७	१४०,३८६	०	०	०	४४९,२६३	११,५७०,८६३	२३,१४०	२,१४८,१४३
२१०४-०५	३४	३०१,८३१	१४०,३८६	०	०	०	४४२,२१७	१२,०१३,०८०	२०,२२९	२,१६९,३७२
२१०५-०६	३५	२९४,४३२	१४०,३८६	०	०	०	४३४,८१८	१२,४४७,८९८	१७,६६६	२,१८२,०३८

७. कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :

- विद्युत खरिद-बिक्री सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मिति देखि लागू हुनेछ र आयोजनाबाट व्यापारिक उत्पादन शुरुहुने मिति (Commercial Operation Date) ले ३० वर्ष वा विद्युत उत्पादन अनुमतिपत्र (Generation License) को अवधी मध्ये जुन घटी छ सो समय सम्म कायम रहनेछ ।
- कम्पनीले आफ्नो आयोजनाबाट उत्पादित विद्युत बिक्री गर्ने प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता (PPA) गर्दा (Take or Pay) प्रावधानमा आधारित भई गरिएको छ ।
- कन्ट्र्याक्ट इनर्जी २२ मे.वा. को हकमा वर्षा याममा प्रति कि.वा. घण्टा रु ४.८० (चार रुपैया असी पैसा) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु. ८.४० (आठ रुपैया चालीस पैसामात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा विद्युत खरिद बिक्री सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई नेपाल विद्युत प्राधिकरणले बुझाउने छ ।साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागू हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले २० मे.वा. को हकमा ५ (पाँच) र थप २ मे.वा. को हकमा ८ (आठ) पटकसम्म साधारण मूल्य वृद्धि दिई निम्न तालिकाअनुसार विद्युतउर्जा खरीद दर कायम गरिएको छ ।

अवधि- व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरि)	सुख्खा याम (पौष देखि चैत्र सम्मको) (रु. प्रति युनिट)	वर्षा याम (वैशाख देखि मंसीर सम्मको) (रु. प्रति युनिट)
पहिलो महिना देखि १२ औं महिना सम्म	८।४०	४।८०
१३ औं महिना देखि २४ औं महिना सम्म	८।६५	४।९४
२५ औं महिना देखि ३६ औं महिना सम्म	८।९०	५।०९
३७ औं महिना देखि ४८ औं महिना सम्म	९।१६	५।२३
४९ औं महिना देखि ६० औं महिना सम्म	९।४१	५।३८
६१ औं महिना देखि ७२ औं महिना सम्म	९।६६	५।५२
७३ औं महिना देखि ८४ औं महिना सम्म	९।९१	५।६६
८५ औं महिना देखि ९६औं महिना सम्म	१०।१६	५।८१
९७ औं महिना देखि सम्झौता अवधि सम्म	१०।४२	५।९५

तर आयोजनाको व्यापारिक उत्पादन शुरु हुन पर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) हिलो हुन एएमा निम्नानुसार वार्षिक मूल्यवृद्धि दिईनेछ :

(क) RCOD को तुलनामा COD ६ महिनाभन्दा वढी १८ महिना सम्म ढिलो हुन एएमा जम्मा ७ वटा मात्र मूल्य वृद्धि दिईनेछ ।
(ख) RCOD को तुलनामा COD १८ महिनाभन्दा वढी ३० महिना सम्म ढिलो हुन एएमा जम्मा ६ वटा मात्र मूल्य वृद्धि दिईनेछ ।
(ग) RCOD को तुलनामा COD ३० महिना भन्दा वढी ४२ महिना सम्म ढिलो हुन एएमा जम्मा ५ वटा मात्र मूल्य वृद्धि दिईनेछ ।
(घ) RCOD को तुलनामा COD ४२ महिनाभन्दा वढी ५४ महिना सम्म ढिलो हुनएएमा जम्मा ४ वटा मात्र मूल्य वृद्धि दिईनेछ ।
(ङ) RCOD को तुलनामा COD ५४ महिनाभन्दा वढी ढिलो हुनएएमा जम्मा ३ वटा मात्र मूल्य वृद्धि दिईनेछ ।

नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा (Excess Energy) को हकमा विद्युत खरिद बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) को हिसावले कम्पनीले विलिइ गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

आयोजनाहरुवाट वर्षा याम तथा सुख्खा याम गरि वार्षिक उत्पादन हुने विद्युत सम्बन्धी विवरणः

सुख्खा याम (पौष देखि चैत्र सम्मको) कूल इनर्जी **(kWh)**	२०,३०२,६१६
वर्षा याम (वैशाख देखि मंसीर सम्मको) कूल इनर्जी **(kWh)**	१०७,७८९,५४३
जम्मा वार्षिक (KWh)	**१२८,०९२,१५९**

कम्पनीको प्रबन्ध पत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-

(क)नेपाल सरकार वा सम्वन्धित निकायवाट स्वीकृती लिई विभिन्न क्षेत्रका विद्यमान जल सम्पदाको व्यापक खोजी गरी सम्भाव्य भएको विभिन्न साना तथा ठूला जल विद्युत आयोजनाको अनुसन्धान सर्वेक्षण तथा विकास गरी निजी सहभागितामा निर्माण गर्ने तथा विद्युत उत्पादन , प्रसारण खरिद तथा विक्री वितरण गर्ने एवं आवश्यकता अनुसार पावरहाउस, प्रसारण तथा वितरण लाइन निर्माण गर्ने, संचालन गर्ने ।
(ख) जलविद्युत बाहेक अन्य सौर्य वायु तापिय आदि श्रोतवाट पनि निजी क्षेत्रमा वैकल्पिक उर्जा उत्पादन गरी प्रसारण तथा विक्री वितरण गर्ने ।
(ग) अन्य संस्था वा कम्पनीवाट उत्पादित विद्युत उर्जा कम्पनीवाट थोकमा किनी विक्री वितरण गर्ने । अथवा उत्पादित विद्युत शक्तिलाई थोक वा खुद्रामा विक्री वितरण गर्ने ।
(घ) उपरोक्त बमोजिम विद्युत विक्री वितरण गर्न नेपाल सरकारको सम्वन्धीत निकाय सँग प्रचलित कानुन नियमा अनुसार उक्त विद्युत ऊर्जाको महसुस निर्धारण गर्ने, गराउने ।
(ङ) जलविद्युत र ऊर्जा विकास गर्ने शिलशिलामा हुने वातावरणीय पक्षलाई मध्यनजर राखि वातावरण विनासलाई रोकथाम गर्ने उपाय अवलम्बन गर्ने ।
(च) स्वीकृत लिनुपर्नेमा स्वीकृत लिई सम्भावित भएका साना ठूलो जलविद्युत प्रसारण लाईन तथा विवरण विकास गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी लगायत गैरसरकारी तथा अन्य संघ संस्थाहरुलाई वा निजी लगानी वा Joint Venture वाट आर्थिक, प्राविधिक तथा वातावरणीय सहयोग जुटाउने ।
(छ) विद्युत र ऊर्जा शक्तिको स्थानिय जीवन स्तरमा सुधार गरि दिगो वातावरणीय विकासमा जोड दिई प्राकृतिक सम्पदाको व्यापक संरक्षण गर्ने ।
(ज) उत्पादित विद्युत नजिकको प्राकृतिक सम्पदाको संरक्षण गर्ने ।
(झ) साना तथा मझौला र ठुला जलविद्युत आयोजनाहरु सँग समन्वय गरी विद्युत आपुर्ति तथा विवरण गर्ने ।
(ञ) हाईड्रोपावर तथा विद्युत सम्वन्धि उपकरणहरु, मेसिन औजारहरु पेनस्टक पाईपको लागि आवश्यक सामान विदेशवाट आयात तथा खरिद गरी उपयोग गर्ने विक्री वितरण गर्ने, गराउने ।
(ट) स्थानिय क्षेत्रमा जलविद्युतवाट उत्पादन भएका जलविद्युत शक्तिहरु ठुला आयोजनालाई वा अन्य निकायलाई विक्री वितरण गर्ने ।

८. धितोपत्र जारी गर्नुको उद्देश्य :

१) कम्पनीकोको प्रवन्ध-पत्रमा जारी पुंजीको १२% शेयर सर्वसाधारणमा विक्री गर्नुपर्ने प्रावधान अनुरुप रु.१६३,६३७,०००/- शेयर पुंजी अयोजना प्रभावित क्षेत्रका वासिन्दा, सर्वसाधारण नेपाली नागरिकहरु (कर्मचारी, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु र सामुहिक लगानी कोष समेत) लाई विक्री वितरण गरी कम्पनीको जारी पूंजी रु.१,३६३,६३७,०००/- पुऱ्याउन ।
२) कम्पनीको वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूंजीको व्यवस्था गर्न ।
३) कम्पनीको प्रवन्ध-पत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूंजी संकलन गर्न ।
४) आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि कम्पनीको धितोपत्र निष्कासन तथा विक्री गरी स्थानीय बासिन्दाहरुलाई लगानीको अवसर दिन, बैकवाट लिईएको कर्जा भुक्तानी गर्न ।

९. पुँजी संरचना सम्बन्धी जानकारी :

(क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात सोमा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

- **अधिकृत पुँजी :** यस कम्पनीको अधिकृत पुंजी रु.१,५००,०००,०००/- (एक अर्ब पचास करोड मात्र) रहेको छ । उक्त पुंजीलाई रु.१००/- का दरले १५,०००,००० (एक करोड पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
- **जारी पुँजी :** यस कम्पनीको जारी पुंजी रु. १,३६३,६३७,०००/- (एक अर्ब छत्तीस करोड छत्तीस लाख सैतीस हजार) रहेको छ । उक्त पुंजीलाई रु.१००/- का दरले १३,६३६,३७० (एक करोड छत्तीस लाख छत्तसि हजार तीन सय सत्तरी) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
- **चुक्ता पुँजी :** यस कम्पनीको संस्थापकहरुवाट तत्काल चुक्ता पुंजी रु.१,२०,००,००,०००/-.(एक अर्ब वीस करोड) रहेको छ जसलाई रु.१००/– का दरले १,२०,००,००० (एक करोड वीस लाख) थान शेयरमा विभाजन गरिएको छ ।

स्वीकृत विवरणपत्र मार्फत स्थानियवासी तथा सर्वसाधारणका निमित्त छुट्टाइएको १६,३६,३७० कित्ताको अंकित मूल्य रु.१००/– को दरले हुने रु.१६,३६,३७,०००/- साधारण शेयर निष्काशन गरी बाँडफाँट हुनेछ ।

(ख) अधिकृत, जारी तथा चुक्ता पुँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

विवरण	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०
अधिकृत पुंजी (रु.)	१,२७५,०००,०००	१,२७५,०००,०००	१,२७५,०००,०००	१,२७५,०००,०००	१,२७५,०००,०००	१,५०,००,००,०००
जारी पुंजी (रु.)	१,२७५,०००,०००	१,२७५,०००,०००	१,२७५,०००,०००	१,२७५,०००,०००	१,२७५,०००,०००	१,३६३,६३७,०००